नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(............................... शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-

मिति :.........................

## प्रेस विज्ञप्ति

अस्पतालहरूमा उपचारको सिलसिलामा विरामीको मृत्यु हुँदा सम्बन्धित चिकित्सकलाई कारबाही गर्ने गरी सरकारले कानुन निर्माण गर्न लागेको भनी विभिन्न सञ्चार माध्यममा प्रकाशित समाचारलाई लिएर चिकित्सकहरू आन्दोलित भएको विषयप्रति यस कार्यालयको ध्यानाकर्षण भएको छ । प्रस्तुत विषयमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७४/०६/०२ मा देहाय बमोजिम निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि स्पष्ट गरिएको छ ।

**<u>नेपाल सरकारको निर्णय:</u>**

"चिकित्सकको चरम लापरवाही (Gross Negligence) का कारणले विरामीको मृत्यु वा अङ्गभङ्ग भएमा घटनाको स्वतन्त्र अनुसन्धान, पेशागत वा व्यावसायिक विमा (Professional Liability Insurance) र क्षतिपूर्ति लगायतका आवश्यक विषयहरूलाई व्यवस्थित गर्न स्वास्थ्य मन्त्रालयलाई निर्देशन दिने ।"

२०७४ असोज ६ गते

.....................................
हरि प्रसाद पन्थी
प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०००, ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमलेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np